नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरुको सन्दर्भमा गृह मन्त्रालयका अनुसार क्वारेन्टिनहरुको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि ज्येष्ठ १८ गते ११७ क्वारेन्टिन स्थलहरुको अनुगमन गरिएको छ। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन ज्येष्ठ १८ गते १८५ स्थानमा अनुगमन भएको छ। विगत २४ घण्टामा स्थानीय प्रशासनबाट १९५ अक्सिजन सिलिण्डर सङ्कलन गरी वितरण गरिएको छ। साथै, विगत २४ घण्टामा निषेधाज्ञा उल्लङ्घन गर्ने २,५३१ सवारीसाधनलाई कारवाही गरिएको छ। मिति २०७८ ज्येष्ठ १८ गतेका दिन देशभरका विभिन्न सीमा नाकाहरुबाट २,१९७ नेपाली नागरिकहरुले नेपाल प्रवेश गरेका छन्।

परराष्ट्र मन्त्रालयका अनुसार फ्रान्स सरकारले प्रदान गरेको ५,०४,००० थान एफ.एफ.पी.टु. मास्क, २०,२२५ थान एन्टिजेन टेस्ट किट, १४ सेट रेस्पिरेटर र तिनका लागि चाहिने सरसामान एवम् १२,००० थान भाइजर फ्रान्सको चार्टड विमान मार्फत नेपाल आइपुगेको र ती सामग्रीहरु आजै फ्रान्सेली राजदूतले माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूलाई हस्तान्तरण गर्नुभएको छ। गणतन्त्र कोरिया सरकारले नेपाललाई सहायता स्वरुप उपलब्ध गराउने २ लाख अमेरिकी डलर बराबरको १७,७६० आर.टी.-पी.सी.आर. टेस्ट किट्स ४ जुन, २०२१ मा हस्तान्तरण गरिने भएको छ। साथै, ३७८ अक्सिजन कन्सन्ट्रेटर आउँदो जुलाई/अगष्ट सम्ममा नेपाली पक्षलाई हस्तान्तरण गरिने भएअनुरुप सम्बन्धित निकायसँग आवश्यक समन्वयका कार्यहरु भैरहेको छ। यु.ए.ई. सरकारले प्रदान गरेका १५० भेन्टिलेटर सहितका स्वास्थ्य सामग्रीहरु आज चार्टर्ड विमानद्धारा काठमाडौं आउने जनाइएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि २२,०९,७१४ थान मेडिकल उपकरणहरु, १०,५५७ एम.टी.क्यू. अक्सिजन, ९,००,८०० भायल्स कोभिड-१९ भ्याक्सिन, कोभिड-१९ टेस्ट किट तथा स्यानिटाईजर लगायतका औषधीहरु पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार संयुक्त अनुगमन टोलीबाट ८ स्थानमा बजार अनुगमन भएको छ। काठमाडौं उपत्यकामा ५,९८३ र काठमाडौं उपत्यका बाहिर ८,६२२ गरी जम्मा १४,६०५ सिलिण्डर अक्सिजन उत्पादन भएको छ। त्रि.वि. शिक्षण अस्पताल महाराजगंजमा ज्येष्ठ १८ गते देखि लीक्वीड अक्सिजन प्लान्ट संचालनमा आउने, बी.पी. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरानमा समेत केही दिनमा नै लीक्वीड अक्सिजन प्लान्ट संचालनमा आउने र जनकपुरमा लीक्वीड अक्सिजन प्लान्ट परीक्षण संचालनमा आएको जानकारी प्राप्त भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार नेपाल सरकार (मन्त्रिपरिषद्) बाट "टर्की, कतार र चीनमा सम्बन्धित देशका वायुसेवा र नेपाली वायुसेवाहरुवाट जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना हुने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने" भनी निर्णय भएअनुसार



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.: ज्येष्ठ १८ गतेवाट लागु हुने गरी टर्किस एयरलाईन्स ले प्रत्येक विहिबार ईस्तानवुल-काठमाडौं-ईस्तानवुल, नेपाल एयरलाईन्सले प्रत्येक सोमबार काठमाडौं-दोहा-काठमाडौं र प्रत्येक वुधवार काठमाडौं-डिल्ली-काठमाडौं, कतार एयरवेजले प्रत्येक सोमबार दोहा-काठमाडौं-दोहा र एयर ईन्डियाले प्रत्येक शुक्रवार डिल्ली-काठमाडौं-डिल्ली उडान भर्नेगरी उडान तालिका तय भएको छ। उक्त सवै उडानवाट आउने यात्रुहरुलाई होटल क्वारेन्टिनमा राख्न पर्यटन विभागले होटलको सूची विभागको वेवसाईट https://www.tourismdepartment.gov.np मा प्रकाशन गरेको छ। गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, सुर्खेत, नेपालगञ्ज र लुक्ला विमानस्थलवाट विभिन्न वायुसेवाले २३ आन्तरिक उडान भरी जम्मा ४१ यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १४ रहेको छ।

कोभिड-१९ को दोस्रो भेरिएन्टको संक्रमणबाट जोगिन र जोगाउनका लागि जनस्वास्थ्यका मापदण्डहरुको पूर्णरुपमा परिपालना गर्न/गराउन सम्बद्ध सबैमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

२०७८/०२/१९

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np